## राष्ट्रिय जनता पार्टी, नेपाल र समाजवादी पार्टीबिच

# एकताको सहमती पत्र

मिति २०७७।०१।१० गते

राष्ट्रिय जनता पार्टी, नेपाल र समाजवादी पार्टीका प्रतिनिधिहरू बिच आज संयुक्त बैठक सम्पन्न भएको छ । यस अवसरमा सर्वप्रथम हामी कोरोना भाइरस (कोविड १९) महाव्याधिले नेपाल लगायत विश्वभर निम्त्याएको सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिक बिपत्ती र जनधनमा पुर्याएको क्षतिप्रति गहिरो दुःख प्रकट गर्दछौं र विश्वभर यस महामारीका कारण अकालमा मृत्युवरण गर्नु परेको लाखौं मानिसहरूप्रति गहिरो श्रद्धाञ्जली अर्पण गर्दछौं ।

देशमा सात दशक लामो संघर्ष र बलिदानपश्चात संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ । विश्वमा विकसित नवीनतम लोकतान्त्रिक मूल्य र मान्यताको दृष्टिले यसमा केही अपूर्णता रहे पनि यो आजसम्म नेपाली जनताले प्राप्त गरेको सबैभन्दा महत्वपूर्ण उपलब्धी हो । यसलाई अझ विकसित गर्दै पहिचानमा आधारित संघीयता, सहभागितामूलक समावेशी लोकतन्त्र, बहुराष्ट्रिय राज्य सुहाउँदो समाजवाद, सामाजिक न्याय, सुशासन, समृद्धि र बहुसांस्कृतिक राष्ट्रवादको विकास गर्न जरुरी छ । यसका लागि परम्परागत राजनीतिक शक्तिको विकल्पमा विचार, संगठन र कार्यपद्धतिको दृष्टिले अग्रगामी, लोकतान्त्रिक नयाँ ढंगको राजनीतिक शक्ति निर्माण गर्नु आवश्यक छ । यहि आवश्यकता पूर्तिका लागि हिमाल, पहाड र मधेसका सबै राष्ट्रियताहरूको पहिचान र अधिकारसहितको संघीयता, समृद्धि, सुशासन समाजवाद स्थापित गर्न तथा राष्ट्रिय मुक्ति आन्दोलनको आँधीबेरी सृजना गर्न अपरिहार्य भएकाले नेपालको राजनीतिमा अग्रमामी परिवर्तनकारी शक्तिको रूपमा रहेको दुई पार्टीबिच निम्न आधारमा एकीकरण गर्न सहमती गरेका छौं ।

१. पार्टी एकीकरण समानताको आधारमा गरिने छ ।

२. एकीकृत पार्टीको नाम जनता समाजवादी पार्टी, नेपाल (People's Socialist Party, Nepal) हुने छ ।

३. एकीकृत पार्टीको झण्डा समाजवादी पार्टीले प्रयोग गर्दै आएको आयातकार आकारमा रातो र हरियो रंगको बिचमा तारा हुने छ ।

४. एकीकृत पार्टीको चुनाव चिन्ह राजपा नेपालले प्रयोग गर्दै आएको छाता हुने छ ।

पार्टी एकीकरण गर्ने सहमती भएको यस महत्त्वपूर्ण घडीमा हामी देशका सम्पूर्ण महिला, मधेसी, आदिवासी जनजाति, खस, आर्य, शिल्पी/दलित, मुस्लीम, थारु, पीछडा वर्ग लगायत सम्पूर्ण जनसमुदायहरूलाई वैकल्पीक राजनीतिक शक्ति निर्माणको यस महान अभियानमा सरिक हुन हार्दिक अपिल गर्दछौं ।

राष्ट्रिय जनता पार्टी नेपालको तर्फबाट

१. महन्थ ठाकुर ..........

२. राजेन्द्र महतो ..........

३. महेन्द्र राय यादव ..........

४. शरत सिंह भण्डारी ..........

समाजबादी पार्टीको तर्फबाट

१. बाबुराम भट्टराई ..........

२. उपेन्द्र यादव ..........

३. अशोक राई ..........

४. राजेन्द्र श्रेष्ठ ..........